श्री

**उच्च अदालत जनकपुर**

संयुक्त इजलास

इजलास नं. १

माननीय मुख्य न्यायाधीश श्री श्रीकान्त पौडेल

माननीय न्यायाधीश श्री खेम राज भट्ट

फैसला

निर्णय नं.-४६७

मुद्दा नं.-०८०-DP-०४६६

रजिष्ट्रेशन नः-३६-०७३-०२९३७

**मुद्दाः- अंश दर्ता चलन।**

जिल्ला धनुषा, जनकपुरधाम उप-महानगरपालिका वडा नं.४ महाविर चोक वस्ने गौरीशंकर महतोको छोरा विजयकुमार महतो........................................१ — पुनरावेदक प्रतिवादी

**विरुद्ध**

जिल्ला धनुषा, जनकपुरधाम उप-महानगरपालिका वडा नं.४ महाविर चोक वस्नै गौरीशंकर महतोको छोरा अजय महतो...................................................१ — प्रत्यर्थी वादी

निर्णय नं.-४६८

मुद्दा नं.-०८०-DP-०४९७

रजिष्ट्रेशन नः-३६-०७३-०२९३७

जिल्ला धनुषा, जनकपुरधाम उप-महानगरपालिका वडा नं.४ महाविर चोक वस्ने गौरीशंकर महतोको छोरा अजय महतो.................................................१ — पुनरावेदक वादी

**विरुद्ध**

जिल्ला धनुषा, जनकपुरधाम उप-महानगरपालिका वडा नं.४ महाविर चोक वस्नै गौरीशंकर महतोको छोरा विजय कुमार महतो......................................१
ऐ वस्ने गौरीशंकर महतोको छोरी स्नेहा महतो.....................................१
ऐ वस्ने विजय कुमार महतोको श्रीमती अन्जली ठाकुर महतो....................१ — प्रत्यर्थी प्रतिवादी

निर्णय नं.-४६९

मुद्दा नं.-०८०-DP-०५६०

रजिष्ट्रेशन नः-३६-०७३-०२९३७

जिल्ला धनुषा, जनकपुरधाम उप-महानगरपालिका वडा नं.४ महाविर चोक वस्ने गौरीशंकर महतोको छोरी स्नेहा महतो.................................................१ } पुनरावेदक प्रतिवादी

**विरुद्ध**

जिल्ला धनुषा, जनकपुरधाम उप-महानगरपालिका वडा नं.४ महाविर चोक वस्ने गौरीशंकर महतोको छोरा अजय महतो.................................................१
ऐ.ऐ.मा वस्ने गौरीशंकर महतोको छोरा विजय कुमार महतो........................१
ऐ.ऐ.वस्ने विजय कुमार महतोको श्रीमती अन्जली ठाकुर महतो...................१ } प्रत्यर्थी वादी

| | |
|---|---|
| शुरू फैसला गर्ने अदालत | श्री धनुषा जिल्ला अदालत |
| शुरु फैसला गर्ने न्यायाधीश | मा.जि.न्या.श्री पुनाराम खनाल |
| शुरु फैसला मिति | २०८०।०३।२७ |
| शुरू मुद्दा नम्बर | ०७३-**CP**-२२२३ |
| पुनरावेदन दर्ता मिति | २०८०।०९।२९ |

**न्याय प्रशासन ऐन, २०७३ को दफा ८(३) बमोजिम यसै अदालतको क्षेत्राधिकार अन्तर्गत पर्ने प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर निम्न प्रकरणहरुमा उल्लेख गरिएको छः**

**तथ्य खण्डः**

१. **फिरादपत्रको व्यहोराः-** मूल पुरुष पिता गौरीशंकर महतो र माता चन्द्रमा देवीबाट २ छोरा विजय कुमार महतो र अजय महतो तथा २ छोरी कामिनी देवी र स्नेहा महतो गरी ४ सन्तानको जन्म भएकोमा दिदी बहिनीको विवाह भैसकेकोले बावु गौरीशंकरको शेषपछि अंश हक खाने अंशियारहरुमा माता चन्द्रमा देवी, दाजु विजय कुमार र वादी अजय महतो समेत ३ जना अंशियार छौं। हामीहरु बीचमा अंश बण्डा भएको छैन। पिता गौरीशंकरले आफ्नै मेहनत र परिश्रमले जनकपुरमा गौरी शंकर आयरन स्टोर्स पसल सञ्चालन गरी व्यापार व्यवसाय गरी जनकपुर तथा आसपासका ठाउँमा आफ्नो नाउँमा तथा दाजु विजयको नाउँमा विभिन्न जग्गा जमिन खरिद गरी आउनु भएको थियो। पिताउपर रामशंकर महतोले दायर गरेको अंश मुद्दामा दाजुको सल्लाहमा आमा चन्द्रमा कुमारीले वादीको अंश हकमा असर पुग्ने गरी मिति २०७३।३।२ मा मिलापत्र गर्नु भएको रहेछ। २०६९ सालमा अज्ञात समुहले गोली हानी पिताको २०६९।८।८ मा मृत्यु भएपश्चात जनकपुर नगरपालिका अन्तर्गतका विभिन्न ११ कित्ता जग्गा दाजुले मन्जुरनामा दिई आमा चन्द्रमा कुमारीले मेरो अनुपस्थितिमा जनकपुरका केही कित्ता घर जग्गा काठमाडौं स्टिल प्रा.लि. लाई पाँच करोड रुपैयाँमा मिति २०७१।३।१६ मा दृष्टिबन्धक पारित गरी दिनु भएको तथा रुपा कुमारीलाई साहु बनाई मुद्दा हाल्न लगाई जग्गा रोक्का राखिएको रहेछ। निरक्षर आमालाई दाजु विजय कुमारले मालपोतमा लगी दृष्टिबन्धक पारित गराउनुको अतिरिक्त विजय कुमारले बाँकी जग्गा समेत मुद्दा राख्न लगाई पैतृक सम्पत्तिबाट आफू मात्र लाभान्वित हुने क्रिया गर्नु भएको रहेछ। वादी अजय महतो सन् २००१ देखि संयुक्त राज्य अमेरिकाको अलवामा रहेको ब्रिम्रिङ्गह्याम विश्व विद्यालयबाट इन्जिनिरिङ्ग र गणित विषयमा स्नात्तक गरी छात्रावृत्ति कोषमा २०१४ मा पि.एच.डि हासिल गरी प्रिया खड्कासँग विवाह गरी छोरा समेत तीन जनाको परिवारसहित बसी आएका थियौं। पिता स्वर्गीय भएपश्चात २०७२ सालमा नेपाल

आई दाजु र आमालाई अंश माग गर्दा इन्कार गरी अंश हक लाग्ने जग्गा दृष्टिबन्धक ऋण देखाई सगोलको सम्पत्तिबाट दाजु विजयले नयाँ सम्पत्ति आर्जन गर्नु भएको रहेछ। पिताको जीवनकालमा बैंक तथा वित्तिय संस्था लगायत कसैसँग ऋण कर्जा लिनु भएको छैन। संयुक्त राज्य अमेरिकामा अध्ययन गर्दा पिताले खर्च व्यहोर्नु भएकोमा सन् २००७ पछि आफैले नोकरी गरी खर्च पुऱ्याएको थिएँ। पिताको परलोकपश्चात आमा चन्द्रमा देवीलाई अघि सारी घर जग्गा सम्पत्ति दृष्टिबन्धक राखी लिएको ऋणसँग वादीको कुनै सहभागिता र सरोकार नरहने हुँदा फिराद परेको अघिल्लो दिनलाई मानो छुट्टिएको मिति कायम गरी ३ भागको १ भाग सम्पत्ति फिरादीलाई अंश वापत छुट्याई दर्ता गरी पाउँ भन्ने समेत व्यहोराको वादीको फिराद दावी।

२. **प्रतिवादी चन्द्रमा देवी महतोको प्रतिउत्तर जिकिर :-** वादीले देखाएको अंशियारहरुमा फरक पारी छोरी स्नेहा कुमारीको विवाह भएको नहुँदा हामी ४ अंशियार छौं। वादीले ४ खण्डको १ खण्ड अंश पाउने भनी पति गौरीशंकर महतोले व्यापार व्यवसायबाट विभिन्न जग्गा खरीद गरी छोराहरुलाई पढाई लेखाई गर्नु भएकोमा उहाँको मृत्युपश्चात आमालाई हेरविचार गर्नुको सट्टा मुद्दा मामिला गरेका छन्। पतिको मृत्यु पश्चात नामसारीबाट आएको घर जग्गा व्यापारको लागि छोरा विजय महतोले दृष्टिबन्धक राखी व्यापार व्यवसायको आम्दानी समेत मलाई दिएका छैनन्। म प्रतिउत्तरकर्ताको छोरी समेत अंशियार रहेको र निज अंशियारलाई लोप गरी वादीले प्रस्तुत अंश मुद्दा दिनु भएकोले छोरी समेतको अंश हक कायम गरी बण्डा भएमा मेरो कुनै किसिमको बाधा विरोध हुने छैन।

३. **प्रतिवादी विजय कुमार महतोको प्रतिउत्तर जिकिरः-** वादीले फिरादपत्रमा उल्लेख गर्नु भएको पुस्तावली एवं हामी बीच अंश बण्डा नभएको भन्ने तथ्य ठीक हो। पिता गौरीशंकरले व्यापार व्यवसायबाट आर्जित रकमले जग्गा खरिद गरी घर निर्माण गरेको तथ्य अन्यथा नरहेपनि रामशंकरले दायर गरेको अंश मुद्दामा आमालाई सहयोग गरेको भन्ने वादीको भनाई गलत रहेको छ। पिताको जीवनकालमा तथा मृत्यु उप्रान्त समेत गौरीशंकर आइरन स्टोर्सका नाउँमा प्रशस्त ऋण कर्जा रहेको थियो। काठमाडौं स्टिल प्रा.लि. को ऋण कर्जा समेत व्यक्तिगत ऋण कर्जाको लागि नभई सगोलको ऋण चुक्ता गर्न लिएको हो। वादी अजय महतो U.S.A जाँदा, आउँदा र बसोवास गर्दा सगोलको सम्पत्तिबाट खर्च व्यहोरिएको थियो। संगोलमा भएको ऋणको दायित्व समेत बण्डा भएमा मेरो कुनै आपत्ति रहेको छैन भन्ने समेत व्यहोराको प्रतिउत्तर जिकिर।

४. प्रतिवादी अन्जली ठाकुरको नाउँमा जारी भएको म्याद मिति २०७४।६।२७ गतेमा तामेल भएकोमा निजले प्रतिउत्तर नफिराई शुरु म्याद गुजारी बसेको।

५. **सुरु अदालतको आदेशः-** प्रतिवादी चन्द्रमा देवी महतोले फिराएको प्रतिउत्तरमा हाम्रो अंशियार अविवाहित छोरी स्नेहा कुमारी समेत रहेकी छन् भन्ने उल्लेख गरेको देखिदा निज स्नेहा कुमारीको नाम, थर, वतन सहितको विवरण प्रतिवादी चन्द्रमा देवीबाट अ.बं.१३३ नं. बमोजिम कागज गराई खुलाउन लगाई खुलाएको बतनमा अ.बं.१३९ नं. बमोजिम म्याद जारी गरी उपस्थित भएपछि बयानको लागि पेश गर्नु भन्ने समेत व्यहोराको मिति २०७४।११।३० गतेको आदेश।

६. **अ.बं.१३९ नं. बमोजिम बुझिएका स्नेहा कुमारी महतोले अदालतमा गरेको बयान :-** वादी अजय महतो, प्रतिवादी विजय महतो मेरो दाजु हुनुहुन्छ भने प्रतिवादी चन्द्रमा देवी मेरो

आमा हुनुहुन्छ। प्रतिवादी अन्जली ठाकुर मेरो भाउजु नाताका हुनुहुन्छ। मेरो विवाह भएको छैन। मैले पनि अंश पाउनु पर्ने हो। हामी चार जना अंशियार रहेको हुँदा चार भागको एक भाग अंश मैले पनि पाउनु पर्ने हो।

७. **सुरू अदालतको आदेशः** बयान गर्ने स्नेहा कुमारी महतो कारणी सरह देखिदा निजलाई तारेखमा राख्नु भन्ने समेत व्यहोराको मिति २०७५।५।७ गतेको आदेश।

८. **सुरु अदालतको आदेशः-** वादी प्रतिवादीहरु बीच पुस्तावलीमा र सगोलका अंशियार भएकोमा विवाद नरही अंशबण्डा नभएको समेत स्वीकार गरेको देखिन आएबाट फिराद परेको अघिल्लो मितिलाई मानो छुट्टिएको मिति कायम गरी वादी प्रतिवादीका जिम्मामा रहेको श्रीसम्पत्तिको तायदाती फाँटवारी अंशबण्डाको महलको २०, २१, २२, २३ र २४ नं. बमोजिम सम्बन्धित पक्षबाट दाखिल गराई निजी आर्जनको सम्पत्तिको जिकिर लिने पक्षबाट प्रमाण समेत दाखिला गराई एकाको तायदाती अर्को पक्षलाई सुनाई नपुग कोर्ट फी (अदालती शुल्क) वादीबाट असुल गरी नम्बरी जग्गाको श्रेस्ता सम्बन्धित मालपोत कार्यालय र गाउँ ब्लकको जग्गा सम्बन्धित स्थानीय निकायबाट झिकाई नियमानुसार पेश गर्नु भन्ने समेत व्यहोराको मिति २०७५।१०।२४ गतेको आदेश। उक्त आदेशानुसार वादी प्रतिवादीहरुले पेश गरेको तायदाती फाँटवारी मिसिल संलग्न रहेको।

९. **लगाउका मुद्दाहरू साथै रहेकाः** ०७३-CP-२२२४ को दृष्टिबन्धक लेखत बदर तथा रोक्का फुकुवा, ०७३-PC-०४२१, ०७३-PC-०१७५ को जालसाजी, ०७४-CP-०९४४, ०७४-CP-०९४५, ०७४-CP-०९४६, ०७४-CP-०९४७ को लिखत दर्ता बदर, ०७४-CP-२१५८ को लेनदेन र ०७७-CP-०८०९ को अंश सहितको सम्बन्ध विच्छेद मुद्दाहरु लगाउको रुपमा साथै रहेको।

१०. **सुरु अदालतको फैसलाः-** आमा चन्द्रमा देवीको मृत्यु भई स्नेहा कुमारी समेत ३ अंशियार देखिएको वादी, प्रतिवादी तथा बुझिएका व्यक्ति समेतका बीच नाता अंशियारमा विवाद नदेखिई विधिवत अंशबण्डा समेत भएको स्थिति नहुँदा वादीले प्रतिवादीबाट अंश लिन पाउने नै हुँदा चन्द्रमा देवीतर्फबाट पेश गरेको फाँटवारीमा उल्लेख गरेको स्नेहा कुमारीका नाउँमा रहेको भनिएको कि.नं.१९५ को जग्गा बाहेक अंशियारका नाउँमा दर्ता श्रेस्ता मिलेभिडेको अचल सम्पत्ति तथा दृष्टिबन्धक लिखतमा रोक्का रहेको जग्गा फुकुवा भएका वखत मूल अंशियार ३ जना देखिदा सम्पूर्ण सम्पत्तिलाई बरावर ३ भाग गरी १ भाग सम्पत्ति वादीले प्रतिवादीबाट अंश वापत बण्डा छुटयाई लिन पाउने ठहर्छ भन्ने सुरु जिल्ला अदालतको फैसला।

११. **प्रतिवादी विजय कुमार महतोको पुनरावेदनपत्रः-** आमा चन्द्रमा देवी महतोले प्रतिउत्तर फिराउँदा वहिनी स्नेहा महतोलाई अविवाहित रहेको भनी जिकिर लिए पनि बहिनी स्नेहा महतो अविवाहिता रहेकी छैन। निजलाई बुवा समेतले अध्ययनको लागि विदेश अमेरिका पठाएको र वहिनीले त्यही अमेरिकामा बसोवास गरेको राकेश चौधरीसँग करिब १५ वर्ष अघि विवाह गरी वाल वच्चा समेत भईसकेको अवस्थामा स्नेहा महतो मेरो अंशियार रहेकी छैनन्। वादीले हामी र पिता जिवित रहँदा आफ्ना अंश भागको सम्पत्ति विक्री व्यवहार गरी रकम विदेश अमेरिका लगी अमेरिकामा नै घर जग्गा नै खरिद गरेको छ। विदेशमा रहेको सम्पति देखाउन सजिलो नभए पनि असम्भव रहेको अवस्था छैन। वादीको नाउँमा रहेको चल अचल सम्पति अमेरिकी दुतावास मार्फत बुझी फाँटवारीमा सामेल गरी वण्डा गर्नु पर्नेमा

सो गरिएको अवस्था छैन। अंशियारले प्राप्त गर्ने सम्पत्ति वण्डा गर्नु नपर्ने भन्ने होइन। विपक्षीले आफ्नो सम्पतिबाट पनि अंश दिनु पर्ने हुन्छ। सबै अंशियार नभई जग्गा फुकुवा नहुने हुँदा कुन अंशियारले कति तिर्नु पर्ने दायित्व हो, फैसलामा बोल्नु पर्ने हुन्छ। आफ्ना अंश भागमा पर्ने ऋणको भार चुक्ता गरी आफ्ना हकसम्म फुकुवा गराउन सकिने अवस्था रहन्छ तर त्यस विषयमा सुरू फैसलामा नबोलेको कारण कुनै अंशियारले आफ्ना भाग सम्म तिरी हक प्राप्त गर्न सकिने अवस्था फैसलाबाट देखिदैन।ऋणको विषयमा नबोलिएको कारणबाट मैले पनि आफ्ना अंश हक गुमाउनु पर्ने अवस्था फैसलाले सृजना गरिएको छ। साथै चलेको २०७४-CP-२१५८ को लेनदेन मुद्दाको ऋणको विषयमा फैसलामा वोलिएको अवस्था छैन। बहिनी हाम्रो अंशियार नै नरहेको तथा ऋण समेतको विषयमा अस्पष्ट किसिमबाट फैसला गरिएको छ। शुरु जिल्ला अदालतको फैसला न्यायसंगत नरही अंश सम्वन्धी कानूनी व्यवस्था विपरीत गैरकानूनी र त्रुटिपूर्ण रहेकोले सो फैसला बदर गरी पाउँ भन्ने प्रतिवादी विजय कुमार महतोको पुनरावेदनपत्र।

१२. **वादी अजय महतोको पुनरावेदनपत्रः-** म प्रतिवादीहरुसँग संगोलमा नरही आफ्नो आयजार्जनबाट भरणपोषण गरी अलग स्थानमा भात भान्सा गरी आएको अवस्थामा मिति २०७१।३।१६ मा पारित दृष्टिबन्धकमा मेरो मन्जुरी र सहमति नलिई घर जग्गा पास गराएको, आमा चन्द्रमा देवीले नलिएको रकम प्रतिवादी विजय कुमार महतोले दृष्टिवन्धक लिखत बनाई पास गराएको, काठमाण्डौ स्टिल कम्पनीले चन्द्रमा देवीलाई रु.५ करोड रकम भुक्तानी दिएको कुनै प्रमाण पनि पेश गर्न नसकेको, म वादी सगोलको प्रयास र घरको लगानीबाट विदेशमा अध्ययन गरेको भन्ने दावी भएतापनि म प्रारम्भदेखि अमेरिकी विश्वविद्यालयबाट छात्रवृत्ति पाई अध्ययन गरेको, पिता गौरीशंकर महतोको मिति २०६९ साल मार्गमा परलोक भएपछि मिति २०७१।२।१६ मा दाजु बिजय कुमार महतोले पिताको नाउँको घर जग्गा मुमा चन्द्रमाया देवीको नाउँमा नामसारी दर्ता गराई काठमाण्डौ स्टिल प्रा.लि.ले घर खर्च वापत चन्द्रमा देवीलाई ऋण रकम दिएको भने पनि आर्थिक वर्ष ७०/७१ मा उक्त कम्पनीको खुद नाफा कति हो? कम्पनी नै घाटामा भई कम्पनीको आम्दानी बचत छैन भने कहाँ कुन श्रोतबाट ऋण कर्जा लगानी गर्‍यो? काठमाण्डौ स्टिल प्रा.लि.ले आन्तरिक राजश्व कार्यालय काठमाण्डौ क्षेत्र नं.३ महाराजगंजबाट प.सं.०७०/०७१ च.नं.२२१५ मिति २०७०।१०।२१ कम्पनीको स्थायी लेखा नम्बर ३०३९७९०२९ बाट मिति २०७०।९।३० कर कार्यालय समक्ष आर्थिक वर्ष ७०/७१ सो नोक्सानीको विवरण पेश गरेकोमा त्यसको ६ महिना लगत्तै फेरी पाँच/पाँच करोड रकम चन्द्रमा देवीलाई कसरी ऋण लगानी गर्यो, बिपक्षी कम्पनीको नामबाट कम्पनी संचालक मिन बहादुर गुरुङ्ग र प्रतिवादी बिजय कुमार महतोको मिलेमतोमा कथित दृष्टिवन्धक लिखत खडा गरी पास गरेको भन्ने देखिदा कम्पनीले ५ करोड रुपैयाँ ऋण कर्जा जारी गर्ने हैसियत हो वा होइन? आर्थिकवर्ष ७०/७१,७१/०७२ को कम्पनीको तर्फ कर सम्बन्धी कागजात कम्पनी रजिष्ट्रारको कार्यालय वार्षिक आय व्यय विवरण कम्पनीको प्रवन्धपत्र र कुनै प्रमाणहरु नै नबुझी हचुवा आधारमा मेरो यस सम्बन्धी वादी दावी नपुग्ने ठहर गरी गरेको फैसला त्रुटिपूर्ण हुँदा सो फैसला बदर गरी पाउँ भन्ने पुनरावेदक वादी अयज महतोको पुनरावेदनपत्र।

१३. **प्रतिवादी स्नेहा महतोको पुनरावेदनपत्रः-** धनुषा जिल्ला जनकपुर उ.म.न.पा. वडा नं.४ को कि.नं.२६ को ज.वि.०-०-५-०, कि.नं.२९ को ज.वि.०-२-७-१,.कि.नं.३० को ज.वि. २-१२ समेत ३ कित्ता जग्गा पिता गौरीशंकर महतोको परलोक भएपछि म समेतका अंशियारको अंश हक लाग्ने घर जग्गा दाजु विजय कुमार महताले लिखत साक्षी बसी आमा चन्द्रमा देवीद्वारा काठमाण्डौ स्टिल प्रा.लि. लाई अन्य अंशियारहरुलाई थाहा जानकारी नदिई दृष्टिबन्धक पारित गरी दिएको भएता पनि आमा चन्द्रमा देवीले ऋण लिने साहु भनिएको काठमाण्डौ स्टिल प्रा.लि.का मिन बहादुर गुरुङ्ग लगायत कोही कसैसँग जान पहिचान नभएको, निजसँग ऋण वापत कुनै रकम नलिएको भन्ने कुरा वादी काठमाण्डौ स्टिल प्रा.लि. तथा प्रतिवादी आमा चन्द्रमा देवी भएको संवत् २०७४ सालको दे.नं. ०७४-CP-२१२८ को मुद्दा तथा प्रस्तुत अंश मुद्दामा आमा चन्द्रमा देवीले दिएको प्रतिउत्तरबाट नै स्पष्ट छ। उक्त प्रतिउत्तरपत्रमा दाजु विजय कुमार महतो र काठमाण्डौ स्टिल प्रा.लि.का मिन बहादुर गुरुङ्गसँगको मिलेमतोमा जनकपुर बजारको महत्वपूर्ण ब्यापारिक स्थानमा रहेको घर जग्गालाई आमा चन्द्रमा देवीलाई अघि सारी लिंदै नलिएको रु.५ करोडको ऋण देखाइएको दृष्टिबन्धक लिखत पारित गराएको भएता पनि आमा चन्द्रमा देवी जिवित हुँदाकै अवस्थामा काठमाण्डौ स्टिल प्रा.लि.सँग ऋण नलिएको भनी प्रतिवाद गरिसकेको स्थितिमा धनुषा जिल्ला अदालतले दृष्टिबन्धक लिखतमा परेका जग्गाहरु मेरो कुनै संलग्नता नभएको हुनाले मेरो हकमा मेरो अंश हक जति फुकुवा गर्नु पर्नेमा दृष्टबन्धक लिखतमा रोक्का रहेको हुँदा म पुनरावेदकले ३ भागको १ भाग अंश पाउने भनी गरेको फैसलाको हदसम्म यथावत राखी दृष्टिबन्धक लिखतको हकमा रोक्का फुकुवा भएका वखत भन्ने सो हदसम्म भएको फैसला त्रुटिपूर्ण हुँदा सो फैसला बदर गरी पाउँ।

१४. **यस अदालतको आदेशः-** यसमा सुरु जिल्ला अदालतको मिति २०८०।३।२७ को फैसला उपर यिनै वादी र प्रतिवादीको दोहोरो पुनरावेदन पर्न आएको देखिदा मुलुकी देवानी कार्यविधि संहिता,२०७४ को दफा २१३ (३) को प्रयोजनार्थ सो पुनरावेदन वादी र प्रतिवादीलाई एकआपसमा परस्पर सुनाई लगाउको मुद्दा समेत साथै राखी नियमानुसार पेश गर्नु भन्ने यस अदालतको मिति २०८१।०३।१० मा भएको आदेश।

**ठहर खण्ड**

१५. नियम बमोजिम साप्ताहिक तथा दैनिक पेशी सूचीमा चढी यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक वादीको तर्फबाट उपस्थित विद्वान अधिवक्ता सुदिप कोइरालाले प्रतिवादी बिजय कुमार महतोले पिताको नाउँको घर जग्गा आमा चन्द्रमाया देवीको नाउँमा नामसारी गराई वादीको मञ्जुरी नलिई काठमाण्डौ स्टिल प्रा.लि.सँग लिएको ऋण वापत दृष्टिबन्धक पारित गराएकोले सो दायित्व वादीले तिर्नुपर्ने होइन। वादी अमेरिका बस्ने गरेकाले प्रतिवादीहरुले गरेको व्यवहारबाट देखिएको ऋण वादीलाई बण्डा लागेको होइन। यसर्थ यस बूँदामा सम्म सुरू फैसला नमिलेकोले उल्टि हुनुपर्छ भनी गर्नु भएको बहस सुनियो।

१६. प्रत्यर्थी प्रतिवादी विजयकुमार महतोको तर्फबाट उपस्थित विद्वान अधिवक्ता लोचन साहले पिता गौरीशंकरले व्यापार व्यवसायबाट आर्जित रकमले जग्गा खरिद गरी घर निर्माण गर्नु

भएको र उहाँको जिवनकालमा तथा मृत्यु उप्रान्त समेत गौरी शंकर आइरन स्टोर्सका नाउँमा प्रशस्त ऋण कर्जा रहेकोमा उक्त सगोलको कर्जा चुक्ता गर्न आमा चन्द्रमादेवीले काठमाडौं स्टिल प्रा.लि.सँग जग्गा दृष्टिवन्धकी राखी ऋण कर्जा लिएकोले सो ऋण सबै अंशियारमा बण्डा हुने हो। पैत्रिक सम्पत्ति आफूले अंश पाउनु पर्ने भनी दावी गर्ने वादीले आमा समेतले लिएको सगोलको ऋण तिर्दिन, तिर्न पर्ने होइन भन्न पाउने होइन। कुनै अंशियारको अंश भागमा परेको जग्गा रोक्का भएमा फुकुवा गर्न तथा कुन अंशियारले कति तिर्नु पर्ने दायित्व हो, फैसलामा बोल्नु पर्नेमा बोलिएको छैन। वादी अजय महतोले सगोलको सम्पत्तिबाट अमेरिकामा जोडेको सम्पत्ति पनि बण्डा हुनुपर्छ। स्नेहा महतोको संयुक्त राज्य अमेरिकामा विवाह भैसकेको भन्ने देखिएपछि विवाह भएको हो वा होइन भनी परराष्ट्र मन्त्रालयमार्फत यस बिषयमा यकिन गरेर मात्र फैसला गर्नुपर्नेमा सो नगरिएकोले सोबमोजिम गरिनुपर्छ भनी गर्नु भएको बहस सुनियो।

१७. अर्का प्रतिवादी स्नेहा महतोको तर्फबाट उपस्थित बरिष्ठ अधिवक्ता मुकेशकुमार कार्कीले स्नेहा महतो पनि अविवाहित छोरी हुँदा निजको विवाह भैसकेको भन्ने वादी दावी तथा अर्का प्रतिवादी विजयकुमार महतोको प्रतिउत्तर तथा पुनरावेदन जिकिर मनासिव होइन। स्नेहा महतो अविवाहित रहेकोले निज पनि अन्य दुई दाजु भाइ सरह समान अवस्थाको अंशियार देखिदा र आमा बुबाको मृत्युपछि निजले पनि तीन खण्डको एक खण्ड अंश पाउनु पर्छ। स्नेहा महतोको मञ्जुरी वा सहमती विना प्रतिवादी विजयकुमार महतोले आमा चन्द्रमादेवीलाई अघि सारी काठमाडौं स्टिल प्रा.लि.बाट जग्गा दृष्टिवन्धकी राखी लिएको पाँच करोड ऋण कर्जाको दायित्व स्नेहा महतोले तिर्नुपर्ने होइन भनी गर्नु भएको बहस सुनियो।

१८. उपर्युक्त तथ्य, पुनरावेदन जिकिर एवं बहस बुँदा रहेको प्रस्तुत मुद्दामा सुरु अदालतको फैसला मिलेको छ छैन? वादी तथा प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न सक्ने हो होइन? भन्ने प्रश्नमा निर्णय दिनुपर्ने देखिन आयो।

१९. निर्णयतर्फ विचार गर्दा, मूल पुरुष पिता गौरीशंकर महतो र माता चन्द्रमा देवीबाट २ छोरा विजय कुमार महतो र अजय महतो तथा २ छोरी कामिनी देवी र स्नेहा महतो गरी ४ सन्तानको जन्म भएकोमा दिदी बहिनीको विवाह भैसकेकोले गौरीशंकरको शेषपछि अंश हक खाने अंशियारहरुमा माता चन्द्रमा देवी, दाजु विजय कुमार र वादी अजय महतो समेत जम्मा ३ जना अंशियार हुँदा फिराद परेको अघिल्लो दिनलाई मानो छुट्टिएको मिति कायम गरी ३ भागको १ भाग सम्पत्ति फिरादीलाई अंश वापत छुट्याई दर्ता गरी पाउँ भन्ने समेत व्यहोराको वादीको फिराद दावी देखिन्छ। नातामा विवाद नभई वादीले अंश लिएको नदेखिएकोले वादीले प्रतिवादीबाट अंश लिन पाउने नै देखिदा चन्द्रमा देवीतर्फबाट पेश गरेको फाँटवारीमा उल्लेख गरेको स्नेहा कुमारीका नाउँमा रहेको कि.नं.१९५ को जग्गा बाहेक अंशियारका नाउँमा दर्ता श्रेस्ता मिलेभिडेको अचल सम्पत्ति तथा दृष्टिबन्धक लिखतमा रोक्का रहेको जग्गा फुकुवा भएका वखत मूल अंशियार ३ जना देखिदा सम्पूर्ण सम्पत्तिलाई बरावर ३ भाग गरी १ भाग सम्पत्ति वादीले प्रतिवादीबाट अंश वापत बण्डा छुट्याई लिन पाउने ठहऱ्याई सुरु धनुषा जिल्ला अदालतबाट भएको फैसलामा चित्त नबुझाई वादी र प्रतिवादीहरुको छुट्टाछुट्टै प्रस्तुत पुनरावेदन पर्न आएको देखियो।

२०. सर्वप्रथम वादी अजय महतोको पुनरावेदन जिकिरका सम्बन्धमा विचार गर्दा आफू प्रतिवादीहरुसँग संगोलमा नरही आफ्नो आयजार्जनबाट भरणपोषण गरी अलग स्थानमा भात भान्सा गरी आएको अवस्थामा मेरो मन्जुरी र सहमति नलिई मिति २०७१।३।१६ मा घर जग्गा काठमाण्डौ स्टिल कम्पनीलाई दृष्टिबन्धक पास गरी चन्द्रमा देवीको नाममा पाँच करोड रकम भुक्तानी दिएको कुनै प्रमाण पेश गर्न नसकेकोले सो रकम तिर्ने दायित्व आफ्नो नभएको भन्ने वादीको पुनरावेदन जिकिर र सोही व्यहोराको अर्का प्रतिवादी स्नेहा महतोको पुनरावेदन जिकिरका सम्बन्धमा विचार गर्दा घरको मुख्य व्यक्ति चन्द्रमादेवीले घर खर्च गर्न र व्यापार व्यवसाय गर्न पाँच करोड ऋण लिई सो लिखत पारित गराएको भन्ने लिखत व्यहोराबाट देखियो। अंशियारहरू विच अंशबण्डा गर्दा सगोलको सम्पत्ति र सगोलको ऋण घटीबढी नहुने गरी बण्डा गर्नुपर्ने कानूनी व्यवस्था रहेकोमा[1] पुनरावेदक वादी प्रतिवादीले सगोलको सम्पत्ति मात्र पाउनु पर्ने भनी दावी गर्ने र ऋणको दायित्व व्यहोर्न नपर्ने भन्न मिल्ने देखिएन।

२१. यस्तै प्रकृतिको शेखरलाल पलिखेल विरूद्ध केशवलाल पलिखेलसमेत भएको अंश मुद्दामा दुवै वादी प्रतिवादीको सम्पत्तिमा बराबर हक हुने तर ऋण चुक्ता गर्ने दायित्व वादीको मात्र हुने भन्नु न्यायसङ्गत नहुने हुँदा बैंकको ऋण चुक्ता गर्न रकम वादीले मात्र बुझाएको अवस्थामा प्रतिवादीको पनि उक्त ऋण तिर्ने वादीसरह बराबर दायित्व हुने भएकोले सगोलको सम्पत्ति बन्डा लाग्ने तर सगोलको ऋण बन्डा नलाग्ने भन्न नमिल्ने भनी सर्वोच्च अदालतले व्याख्या गरेको छ।[2] कल्पनाकुमारी कर्ण विरूद्ध प्रतिवादी पुनरावेदन अदालत जनकपुर समेत भएको अर्को मुद्दामा सगोलमा रहेको अवस्थामा सगोलको सम्पत्तिबाट बढे बढाएको सम्पत्तिमा सबैको बराबरी हक लाग्ने तर सगोलको परिवारको ऋण तिर्ने दायित्व सबैको बराबरी नहुने भन्ने हुँदैन। सबैले खाएको ऋणउपरको दायित्व घरको मुख्यको मात्रै हुन्छ भन्न न्यायसङ्गत र कानूनसम्मत दुवै हुन नसक्ने भनी सर्वोच्च अदालतबाट व्याख्या भएको छ।[3] उल्लिखित आधारमा सगोलमा रहँदा वादी प्रतिवादीकी आमा चन्द्रमादेवीले काठमाडौ स्टिलबाट लिएको पाँच करोडको ऋणको सावाँ र व्याज तिर्ने दायित्व वादी अजय महतो र प्रतिवादी स्नेहा महतोको समेत रहे भएको देखियो।

२२. काठमाडौ स्टिल प्रालिलाई सर्वसाधारणलाई ऋण प्रवाह गर्ने अधिकारक्षेत्र नभएको, उक्त कम्पनीको वासलातमा उक्त ऋण प्रवाह गरेको नदेखाइएको, सो ऋण के कुन माध्यमबाट उपलब्ध गराइएको हो भन्ने स्पष्ट नभएको, अर्का प्रतिवादी बिजयकुमार महतोले काठमाडौ स्टिलसँग मिलेमतो गरी कुनै ऋणै नलिएकोमा अनपढ आमा चन्द्रमादेवीलाई झुक्याई लिखत गराएको भन्ने समेतका वादी अजय महतो र प्रतिवादी स्नेहा महतोको पुनरावेदन जिकिरका सम्बन्धमा लगाउको ०८०-DP-०५५२ लेनदेन मुद्दा र ०८०-DP-०३५६ दृष्टिवन्धक लिखत वदर र रोक्का फुकुवा मुद्दामा आज यसै इजलासबाट विवेचना भैसकेको देखिदा सोही आधार कारणमा वादी प्रतिवादीको उक्त पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन।

२३. प्रतिवादी स्नेहा महतोलाई अध्ययनको लागि विदेश अमेरिका पठाएकोमा निजले अमेरिकामा बस्ने राकेश चौधरीसँग १५ वर्ष अघि विवाह गरी वालवच्चा समेत भईसकेकोले निज हाम्रो

[1] मुलुकी देवानी संहिता, २०७४ को दफा २१६ (२)

[2] नेकाप २०८० बैशाख, निनं ११०२४

[3] नेकाप २०७२ असोज, नि.नं ९४१७

अंशियार होइनन् भन्ने प्रतिवादी विजयकुमार महतोको पुनरावेदन जिकिरका सम्बन्धमा विचार गर्दा स्नेहा महतो गौरिशंकर महतो र चन्द्रिकादेवीको छोरी तथा वादी अजय महतो र प्रतिवादी विजयकुमार महतोको बहिनी भएकोमा विवाद देखिदैन। मुलुकी देवानी संहिताले पति, पत्नी, बाबु, आमा, छोरा, छोरीलाई अंशको समान हकदार मानेको छ।[4] संहिताले अंश हकलाई अंशियारको जन्मसिद्ध नैसर्गिक हक मानेको छ। पति, पत्नी, बाबु, आमा, छोरा, छोरीलाई अंशको समान हकदार मानेको छ। संहिताले पति, पत्नी, बाबु, आमा, छोरा, छोरीलाई अंशको समान हकदार मानेको छ। सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, बर्ण, जात, जाति, लिङ्ग, शारिरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, **वैवाहिक स्थिति**, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव नगरिने र पैत्रिक सम्पत्तिमा लैङ्गिक भेदभावविना सबै सन्तानको समान हक हुने संवैधानिक प्रत्याभूति देखिन्छ।[5]

२४. उल्लखित संवैधानिक तथा कानूनी व्यवस्थाबमोजिम विवाहको आधारमा छोरीलाई भेदभाव गर्न नहुने र विवाहित छोरीले पनि अन्य अंशियारसरह माइतीको सम्पत्तिमा वरावर अंश पाउने देखियो। यस आधारमा स्नेहा महतोले वादी अजय महतो र प्रतिवादी विजयकुमार महतोसरह गौरिशंकर महतो र चन्द्रिकादेवीको सम्पत्तिबाट अंश पाउने देखियो। स्नेहा महतो विवाहित वा अविवाहित जे भए पनि पैत्रिक सम्पत्तिमा निजको अन्य अंशियार सरह समान हक रहे भएको देखियो। गौरिशंकर महतो र चन्द्रिकादेवीको मृत्यु भैसकेको देखिदा अव वादी अजय महतो, प्रतिवादी विजयकुमार महतो र प्रतिवादी स्नेहा महतो तीन अंशियार मात्र देखिदा प्रतिवादी स्नेहा महतोले तीन खण्डको एक खण्ड अंश पाउने सुरू फैसला अन्यथा देखिएन।

२५. वादी अजय महतोले आफ्नो अंश भागको सम्पत्ति विक्री व्यवहार गरी रकम विदेश अमेरिका लगि अमेरिकामा नै घर जग्गा नै खरिद गरेकोले वादीको नाउँमा विदेशमा रहेको चल अचल सम्पति अमेरिकी दुतावास मार्फत बुझी फाँटवारीमा सामेल गरी सो समेत वण्डा गर्नु पर्ने भन्ने प्रतिवादी विजयकुमार महतोको पुनरावेदन जिकिरका सम्बन्धमा विचार गर्दा वादीले सगोलको सम्पत्ति नेपालबाट बिक्री गरी संयुक्त राज्य अमेरिकामा चल अचल सम्पत्ति जोडेको भन्ने पुनरावेदक प्रतिवादी विजयकुमार महतोको पुनरावेदन जिकिर प्रमाण ऐनको दफा २८ बमोजिम निजले पुष्टि गर्नुपर्नेमा प्रमाणबाट पुष्टि गर्न सकेको देखिदैन। संयुक्त राज्य अमेरिकामा कुनै अंशियारले कमाएको सम्पत्ति नेपालमा रहेको अंशियारले पाउने भन्ने कानूनी व्यवस्था देखिदैन। संयुक्त राज्य अमेरिकामा रहेको सम्पत्तिको बिषय नेपाल कानूनबमोजिम कार्यान्वयन गर्न सकिने देखिएन। तर कुनै अंशियार संयुक्त राज्य अमेरिका र कुनै अंशियार नेपालमा रहेको अवस्थामा संयुक्त राज्य अमेरिकामा रहेको अंशियारलाई नेपालमा रहेको अंश जस्तो नैसर्गिक हकबाट बञ्चित गर्न मिल्ने नदेखिदा अमेरिकामा बस्ने अंशियारले कानून बमोजिम अंश नपाउने भन्न मिल्ने देखिएन। यस्तै प्रकृतिको मुबिरवल राउत अहिरसमेत विरूद्ध ब्रम्हदेवप्रसाद यादवसमेत मुद्दामा "केही अंशियार भारतमा र केही अंशियार नेपालमा बसेको अवस्थामा वादी भारतमा बसेको भन्ने आधारमा निजको नेपालमा रहेको सम्पत्तिमा निहित अंश हकबाट वञ्चित गर्नु न्यायोचित नहुने" भनी सर्वाच्च

[4] मुलुकी देवानी संहिता, २०७४ को दफा २०५ र दफा २०६

[5] नेपालको संविधानको धारा १८(२) र (५)

अदालतबाट व्याख्या भएको छ।[६] उल्लिखित आधारमा वादीको संयुक्त राज्य अमेरिकाको सम्पत्ति पनि बण्डा हुनुपर्ने भन्ने प्रतिवादी विजयकुमार महतोको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन।

२६. सगोलमा रहँदा कुनै संस्थाबाट लिएको सगोलको ऋण सबै अंशियार उपस्थित नभई जग्गा फुकुवा नहुने देखिएको र कुन अंशियारले कति ऋण तिर्नु पर्ने दायित्व हो, फैसलामा बोल्नु पर्नेमा सुरू फैसलामा नबोलेको भन्ने प्रतिवादी विजयकुमार महतोको अर्को पुनरावेदन जिकिरका सम्बन्धमा विचार गर्दा कुनै अंशियारको अंश भागमा परेको सम्पत्ति बैंक वा कुनै संस्थाबाट रोक्का भएमा सो सम्पत्ति सम्बन्धित अंशियारले आफ्नो नाममा दर्ता गर्न र उपभोग गर्न नपाउने अवस्था देखियो। आफ्नो अंश भागमा पर्ने सगोलको ऋण चुक्ता गरी धितोमा राखेको सम्पत्ति आफ्नो हकसम्म फुकुवा गराउन सकिने अवस्था रहनु स्वाभाविक देखिन्छ। यस्तो रोक्का सम्पत्ति फुकुवा नहुने र सम्बन्धित अंशियारले भोग गर्न नपाउने हो भने अंश मुद्दाबाट अंश पाउनु र बण्डा छुट्याउनुको प्रयोजन निरर्थक हुन जान्छ।

२७. यस सम्बन्धी कानूनी व्यवस्था हेर्दा कुनै अंशियारले अंशबण्डा हुने सम्पत्ति धितोबन्धक राखेको देखिएमा अदालतले सबै अंशियारहरू मञ्जुर भएमा सगोलको सम्पत्तिबाट त्यस्तो सम्पत्ति फुकुवा गराई वा गराउने दायित्व हुन गरी अंशबण्डा गरिदिनु पर्ने र सो बमोजिम गर्न सबै अंशियारहरू मञ्जुर हुन नसकेमा घरको मुख्य भई काम गर्ने व्यक्तिले अंशबण्डा हुने सम्पत्ति धितो राखेको वा एकाघरको उमेर पुगेको अरूले घरको मुख्य भई काम गर्ने व्यक्तिको समेत सहीछाप गरी धितोबन्धक राखेको थाहा पाएमा अदालतले सगोलको सम्पत्तिबाट त्यस्तो सम्पत्ति फुकुवा गराई वा फुकुवा गराउने दायित्व हुने गरी अंशबण्डा गरिदिनुपर्ने व्यवस्था मुलुकी देवानी संहिताले गरेको देखियो।[7] सो बाहेकको अन्य अवस्थामा यस्तो कुनै अंशियारले अंशबण्डा हुने सम्पत्ति धितो राखेको देखिएमा अंश भागमा पर्ने सम्पत्तिबाट त्यस्तो धितोमा रोक्का रहेको सम्पत्ति फुकुवा गराई वा फुकुवा हुने दायित्व हुने गरी अंशबण्डा गरिदिनु पर्ने व्यवस्था पनि देखियो।[8] आफ्नो अंश भागमा पर्ने सगोलको ऋण चुक्ता गरी आफ्नो अंश हकसम्मको सम्पत्ति फुकुवा गराउन पाउने व्यवस्था न्यायोचित र जरुरी पनि हुने हुन्छ।

२८. प्रस्तुत मुद्दामा नेपाल स्टिललाई चन्द्रमादेवीले धितो राखी ऋण लिई रोक्का रहेका जनकपुर वडा नं.४ कि.नं.२६,२९ र ३० का जग्गाहरु मुलुकी देवानी संहिता, २०७४ को दफा २२९ (१) र (२) बमोजिम अंशियारहरू विच सहमति भई फुकुवा हुने भएमा सोही बमोजिम गर्नुपर्ने र सोबमोजिम सबै अंशियारको सहमति नभई धितोमा राखेको उक्त जग्गा फुकुवा नहुने भएमा सगोलको उक्त ऋण अंशियारले दामासाहीले तिर्नु पर्ने दायित्व हुने गरी बण्डा हुनुपर्ने देखियो। सगोलको आफ्नो अंश भागमा परेको दामासाहीले हुने ऋणसम्म कुनै अंशियारले तिरी आफ्नो अंशमा परेको सम्पत्ति फुकुवा गरी आफ्नो नाउमा दर्ता र उपयोग गर्न पाउने अवस्था सृजना गर्नुपर्ने आवश्यक देखियो। सुरू फैसलामा यसतर्फ उल्लेख भएको नदेखिदा उक्त संहिताको दफा २२९ को उपदफा (३) बमोजिम अंशियारले सगोलको उक्त ऋण दामासाहीले आफ्नो भागमा पर्ने ऋणको सावाँ र व्याज चुक्ता गरी

---

[6] नेकाप २०८० जेठ, नि.नं ११०२७

[7] मुलुकी देवानी संहिता, २०७४ को दफा २२९ (१) र ((२)

[8] ऐ दफा २२९ (३)

सम्बन्धित अंशियारको अंश भागमा परी रोक्का रहेको सम्पत्ति फुकुवा गराई वा फुकुवा हुने दायित्व हुने गरी अंशबण्डा गरिदिनुपर्ने देखियो।

२९. तसर्थ, माथि विवेचित आधार कारण समेतबाट पुनरावेदक वादी प्रतिवादीहरुको अंश पाउने ठहरेको जनकपुर वडा नं.४ कि.नं.२६,२९ र ३० का जग्गाहरु निजहरुकी आमा चन्द्रमा देवीले र.नं.९३७०(ग) बाट मिति २०७१।३।१६ मा काठमाण्डौ स्टील प्रा.लि.लाई दृष्टिबन्धक लिखत पारित गरी पाँच करोड रुपैयाँ कर्जा लिएको देखिएको र निजको मृत्यु भैसकेको भन्ने देखिदा सो ऋण र कानून बमोजिमको हुने व्याज समेत तीनै जना समान अवस्थाका अंशियारहरुबीच वण्डा लाग्ने देखिदा पुनरावेदकहरु विजय कुमार महतो, अजय महतो र स्नेहा महतोले आफ्नो भागमा पर्ने उक्त ऋण दामासाहीले तिरेमा मुलुकी देवानी संहिता, २०७४ को दफा २२९(३) बमोजिम आफ्नो अंश भागसम्म फुकुवा गराई दिनु पर्नेमा सो बिषय उल्लेख नगरेको हदसम्म सुरु फैसला नमिलेकोले केही उल्टी हुने र अन्य विषयको हकमा सुरु फैसला मिलेको देखिदा सदर हुने ठहर्छ। वादी अजय महतो, प्रतिवादीहरु विजय कुमार महतो र स्नेहा महतोको अन्य पुनरावेदन जिकिर पुग्न सक्दैन। अरुमा तपसिल बमोजिम गर्नु।

**तपसिल**

- माथि इन्साफ खण्डमा लेखिएबमोजिम सुरू फैसला केही उल्टि भई जनकपुर वडा नं.४ कि.नं.२६,२९ र ३० का जग्गाहरु र.नं.९३७०(ग) बाट मिति २०७१।३।१६ मा आमा चन्द्रमा देवीले काठमाण्डौ स्टील प्रा.लि.लाई दृष्टिबन्धक लिखत पारित गरी लिएको पाँच करोड रुपैयाँ ऋण र सोको कानून बमोजिमको हुने व्याज समेत पुनरावेदकहरु विजय कुमार महतो, अजय महतो र स्नेहा महतोलाई वण्डा लाग्ने देखिदा आफ्नो भागमा पर्ने उक्त ऋण कुनै अंशियारले दामासाहीले तिरेमा निजको अंश भागसम्म फुकुवा गराउने गरी फैसला कार्यान्वयन गर्न सुरू अदालतमा लगत दिनू ...............................................१
- सरोकारवालाले नक्कल माग्न आए लाग्ने दस्तुर लिई नक्कल दिनू.....................२
- फैसलाको प्रतिलिपि साथै राखी सुरु मिसिल धनुषा जिल्ला अदालतमा फिर्ता पठाइदिनू...........................................................................................३
- प्रस्तुत फैसलालाई विद्युतीय प्रणालीमा अपलोड गरी दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाई दिनु......................................................४

उक्त रायमा सहमत छु।

(श्रीकान्त पौडेल)
**मुख्य न्यायाधीश**

(खेम राज भट्ट
**न्यायाधीश**

***फैसला लेखनमा सहयोग गर्ने***

इजलास अधिकृतः- विश्वराज कुइकेल

टाइप गर्ने :- चाँदनी शर्मा

इति सम्वत् २०८१ साल माघ महिना २१ गते रोज २ शुभम् ................................।

प्रमाणीकरंण मितिः- २०८१।११।     न्यायाधीश     अदालतको छाप